# प्रेस विज्ञप्ती

हामी यस बखत मित्रराष्ट्र चीनको बुहानमा सन् २०१९ को डिसेम्बरमा देखापरी हाल विश्व महामारीको रुपमा फैलिएको नोभल कोरोना भाइरस (COVID-19) संक्रमण, रोकथाम र नियन्त्रण गरी सम्भावित महामारीको जोखिमबाट बच्ने जटिल अवस्थाबाट गुज्रिरहेका छौं ।

विश्व स्वास्थ्य संगठन (WHO) ले आज ११ अप्रिल २०२० मा सार्वजनिक गरेको सूचना अनुसार हालसम्म COVID-19 विश्वका २१३ राष्ट्रहरुमा फैलिसकेको र विश्वमा यसबाट १६९९८१५ जना संक्रमित र मृत्यू हुनेहरुको संख्या १०२७४१ पुगिसकेको छ । पछिल्लो जानकारी अनुसार छिमेकी राष्ट्र भारतमा संक्रमितहरुको संख्या ७६०० पुगेको छ भने २४९ जनाले ज्यान गुमाइसकेको अवस्था छ ।

नेपालमा पनि संक्रमितहरुको संख्या ९ पुगिसकेको अवस्था र खुला सिमाना रहेको छिमेकीराष्ट्र भारतमा फैलिइरहेको वर्तमान अवस्थामा हामी सबैले उच्च सतर्कताका साथ नोभल कोरोना भाइरस (COVID-19) को संक्रमणको रोकथाम सम्बन्धमा दिइएका सुरक्षाका निर्देशनहरु इमान्दारीपूर्वक पालना गरी सम्भावित महामारीको जोखिमबाट बच्न सकिने एकमात्र विकल्प देखिन्छ ।

हाल संघीय र प्रादेशिक सरकारहरु एकजुटका साथ आफ्ना सबै संयन्त्रहरु परिचालन गरी नोभल कोरोना भाइरस (COVID-19) लाई फैलन नदिन लागि परेको सन्दर्भमा यो नगरपालिका पनि सबै सरकोकारवालाहरुसँगको समन्वय र सहकार्यको माध्यमबाट COVID-19 लाई आफ्नो क्षेत्रमा प्रवेश नै हुन नदिने अभियानमा जुटेको छ । जस अन्तरगत हालसम्म अपनाइएका सतर्कता र पूर्व तयारीको बारेमा भए गरेको गतिविधिहरुको जानकारी तपाईहरु मार्फत नगरवासी जनतालाई जानकारी दिने उद्देश्यबाट यो पत्रकार भेटघाटको आयोजना गरिएको हो ।

गत:२०७६ चैत ११ देखि नेपाल बन्दबन्दी lock Down को अवस्थामा छ । lock Down कुनै नागरिकलाई सताउनको लागि घोषणा नगरिएको र यसलाई नोभल कोरोना भाइरस COVID-19 को रोकथाम, प्रभाव न्यूनीकरण तथा सम्भावित महामारीको जोखिमबाट बच्ने उत्तम उपायको रुपमा अपनाइएको कुरा सबै नगरवासीले बुझेर Lock Down लाई अनुशासित, मर्यादित धैर्यवान बनी पालना गरेकोमा नगरवासीप्रति हार्दिक आभार प्रकट गर्दछु ।

हालको जटिल परिस्थितिमा नेपाल सरकारले तोकेको लकडाउनको समयलाई कहि कतै मजाकको रुपमा उडाई घरबाट बाहिर निस्कने, समय व्यतीत (Time Pass) को नाममा अनावश्यक भेला तथा भिडभड ( विभिन्न खेलको आयोजना, भोजभतेर, गफ गर्ने अखडाको सिर्जना) गर्ने, COVID-19 को सम्बन्धमा आधारहिन तथा भ्रामक सूचनाहरु सम्प्रेषण गर्ने जस्ता कार्यहरु समेत देखिने गरेकोले त्यस्ता अनावश्यक क्रियाकलापहरुमा सहभागि नहुन र आधारहिन तथा भ्रामक सूचनाहरु उपर विश्वास नगरी लकडाउनको अवधिभरी संयम र धैर्यतापूर्वक आ-आफ्नै घरभित्रै रहन हार्दिक अपिल गर्दछु ।

अन्तमा,

नोभल कोरोना भाइरस COVID-19 को रोकथाम, प्रभाव न्यूनीकरण तथा सम्भावित महामारीको जोखिमबाट बच्नका लागि दिइएको सुरक्षाका निर्देशन सहितको सचेतनामूलक सन्देशहरु प्रभावकारी रुपमा प्रकाशन/प्रसारण गरी नगरवासी जनताहरुलाई सुसुचित गराउने कार्यमा अमूल्य सहयोग पुऱ्याउनु भएकोमा सबै पत्रकार मित्रहरुप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा पनि यस किसिमको सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा लिइएको छ ।

नगर प्रमुख

मिति:२०७६।१२।२९

मोहन कुमार श्रेष्ठ
नगर प्रमुख
सिद्धिचरण नगरपालिका ओखलढुङ्गा